# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, भदौ २७ गते २०५९ साल (अतिरिक्ताङ्क ४३

## भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५९ सालको ऐन नं. ९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन

प्रस्तावना : अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मुलुकी ऐनमा संशोधन : मुलुकी ऐन,-

(१) अदालती बन्दोबस्तको महलको,-

(क) २३ नम्बरमा रहेका "पचास रुपैयाँ", "पच्चीस रुपैयाँ", "पाँच रुपैयाँ", "एक सय रुपैयाँ", "दश रुपैयाँ" र "दुई सय रुपैयाँ" भन्ने शब्दहरुको सट्टा क्रमश: "दश हजार रुपैयाँ", "पाँच हजार रुपैयाँ", "एक हजार रुपैयाँ", "बीस हजार रुपैयाँ", "दुई हजार रुपैयाँ" र "दश हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) ६२ नम्बरको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :-

"खोलो, पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्युको घोषणा भएको वा अन्य कुनै व्यहोराले यातायातको साधन नचलेको कारणबाट वा भूकम्प आदि जस्ता दैवी प्रकोप परेको कारणबाट तारेखमा हाजिर हुनु पर्ने व्यक्ति हाजिर हुन नसकी तारेख गुज्रेकोमा सम्बन्धित गाउँ विकास समिति वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरपालिका वा सरकारी अड्डाबाट सो भएको व्यहोरा खुलाइएको निस्सा लिई बाटो खुलेको वा यातायातको साधन चलेको वा दैवी परेकोमा सो भएको मितिले बाटाको म्याद बाहेक दश दिनभित्र हाजिर भै निवेदनपत्र दिएमा म्याद तारेख थामी दिनु पर्छ ........ ५"

(ग) ९२ नम्बरको सट्टा देहायको ९२ नम्बर राखिएको छ :-

"९२ नं. ॥ ॥ श्री ५ को सरकार वादी हुने मुद्दा बाहेक अरु मुद्दामा कसैले कसैका नाममा अड्डामा नालिस दिएकोमा फैसला नहुँदै सो कुरा साबित गर्न सक्तिन भनी कागज लेखिदियो भने पाँच सय रुपैयाँसम्म जरिवाना गरी अड्डाले सो नालिस फिर्ता दिन सक्नेछ। पुनरावेदन वा निवेदन परेकोमा पुनरावेदक वा निवेदकले पुनरावेदन वा निवेदन दावी जिकिर पुर्‍याउन सक्तिन भनी कागज गरिदियो भने अड्डाको अनुमति लिई त्यस्तो पुनरावेदन वा निवेदन फिर्ता लिन सक्नेछ।"

(घ) ११० नम्बरको,-

(१) दफा ३क. पछि देहायका दफा ३ख., ३ग. र ३घ. थपिएका छन् :-

"यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समाह्वान, इतलायनामा, म्याद, पुर्जी, सूचना तामेल गर्दा सरकारी कार्यालय वा संगठित संस्थामा कार्यरत कर्मचारी वा त्यस्ता संस्थाको कुनै सदस्य वा पदाधिकारीलाई म्याद बुझाउन जाँदा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

बुझी नलिएमा वा निज कार्यालयमा फेला नपरेमा कार्यालयमा पनि बुझाउन सकिनेछ। त्यसरी बुझाउँदा निजले नबुझेको वा निज फेला नपरेकोले त्यसरी बुझाउनु परेको व्यहोरा लेखाई ल्याएकोमा रीतपूर्वक तामेल भएको मानिनेछ।

तर कार्यालयमा उपस्थित नभएको कर्मचारी, सदस्य वा पदाधिकारीको हकमा भने निज कार्यालयमा उपस्थित भएको दिनलाई नै म्याद तामेल भएको दिन मानिनेछ ..३ख.

दफा ३ख. बमोजिम समाह्वान, इतलायनामा, म्याद, पुर्जी, सूचना बुझाउन ल्याएकोमा सम्बन्धित कार्यालयले पनि बुझिलिई सोको जानकारी यथाशीघ्र सम्बन्धित कर्मचारीलाई दिनु पर्नेछ .............३ग.

विदेशी व्यक्तिको नाममा म्याद तामेल गर्नु पर्दा त्यस्तो व्यक्तिको नेपाल अधिराज्यभित्र कुनै किसिमको कार्यालय वा प्रतिनिधि भए त्यस्तो कार्यालय वा प्रतिनिधिको नाममा म्याद तामेल गर्नु पर्छ। त्यस्तो कार्यालय वा प्रतिनिधि नभएमा त्यस्तो व्यक्ति स्थायी बसोबास गर्ने वा रहेको ठेगानामा र नेपालमा निजले कुनै कारोबार गरेको भए कारोबार गर्दाको बखत पत्राचारको लागि निजले दिएको ठेगाना रहेछ भने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो ठेगानामा टेलेक्स, टेलिफ्याक्स वा अभिलेख हुन सक्ने दूरसञ्चारका अन्य माध्यम मार्फत् वा रजिष्टरी गरी हुलाक मार्फत् म्याद तामेल गर्नु पर्छ। त्यसरी तामेल गर्दा लाग्ने खर्च अड्डाले कोर्टफी सरह भराई दिनु पर्नेछ......३घ."

(२) दफा ४ को शुरुमा रहेका "माथि १।२।३ दफा बमोजिम" भन्ने शब्दहरुको सट्टा "माथि दफा १, २, ३, ३क., ३ख., ३ग. र ३घ. बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(ङ) ११३ नम्बरपछि देहायको ११३क. नम्बर थपिएको छ :-

"११३क. नं. ॥ ॥ यसै महलको ११३ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि अरु अड्डाको इलाका अन्तर्गत पर्ने ठाउँ भए पनि मुद्दा दायर भएको अड्डाबाटै पायक पर्ने ठाउँ हो भनी म्याद तामेल गर्न निवेदन पर्न आएमा सो अड्डाले मनासिब देखेमा आफ्नो इलाकामा म्याद तामेल गरे सरह त्यस्तो म्याद तामेल गर्न आदेश दिनेछ।"

(च) १४४ नम्बरपछि देहायको १४४क. नम्बर थपिएको छ :-

"१४४क. नं. ॥ ॥ यस महलको १४४ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि अड्डाले तोकेको तारेखमा खोलो, पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यु घोषणा भई वा अन्य कुनै व्यहोराबाट यातायातको साधन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नचलेको वा भूकम्प जस्ता दैवी प्रकोप परी साक्षी उपस्थित गराउन नसकेकोमा बाटो बन्द भएको वा यातायातको साधन नचलेको र बाटो खुलेको वा यातायातको साधन चलेको मिति तथा दैवी प्रकोप परेको समेत व्यहोरा खुलाई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा सरकारी अड्डाबाट निस्सा लिई पुन: अर्को तारेख तोकी साक्षी बकाई पाउँ भनी पक्षले सो तारेख गुज्रेको मितिले बाटाको म्याद बाहेक दश दिनभित्र उपस्थित भई कारण खोली निवेदन दिएमा अर्को तारेख तोकी साक्षी बुझ्नु पर्छ ।"

(छ) १६९ नम्बरमा रहेका "दुई सय रुपैयाँ जरिबाना" भन्ने शब्दहरुको सट्टा "दुई हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुन्छ," भन्ने शब्दहरु, "एक सय पचास रुपैयाँ जरिबाना" भन्ने शब्दहरुको सट्टा "एक हजार पाँच सय रुपैयाँसम्म जरिबाना वा वीस दिनसम्म कैद वा दुवै सजाय हुन्छ" भन्ने शब्दहरु, "एक सय रुपैयाँसम्म जरिबाना हुन्छ" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुन्छ" भन्ने शब्दहरु र "पचास रुपैयाँसम्म जरिबाना हुन्छ" भन्ने शब्दहरुको सट्टा "सात सय रुपैयाँसम्म जरिबाना वा दश दिनसम्म कैद वा दुवै सजाय हुन्छ" भन्ने शब्दहरु राखिएका छन् ।

(ज) १७१क. नम्बरको सट्टा देहायको १७१क. नम्बर राखिएको छ :-

"१७१क. नं. ॥ ॥ चल अचल सम्पत्ति वा बिगो दाबी भएको तथा हक बेहकको प्रश्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उठेको मुद्दामा विवादित अचल सम्पत्ति यथास्थितिमा राखी कुनै किसिमको निर्माण गर्न नदिन वा भइरहेको निर्माण बिगार्न वा भौतिक स्वरुप परिवर्तन गर्न नदिन तथा चल अचल सम्पत्तिको उपभोग सम्वन्धी प्रश्न उठेकोमा त्यस्तो उपभोग सम्बन्धमा उपयुक्त व्यवस्था गराउन, कुनै बैङ्क कम्पनी वा अन्य निकायमा रहेको कुनै किसिमको निक्षेप वा हिसाबबाट प्रतिवादीले पाउने बाँकी भएको निक्षेप वा हिसाबको भुक्तानी नगर्न नगराउन वा राजीनामा वा अन्य कुनै व्यहोराबाट त्यस्तो चल अचल सम्पत्तिको हक हस्तान्तरण नगराउनको लागि पक्षले निवेदन दिएकोमा अदालतले मुद्दाको प्रकृति र औचित्य हेरी प्रतिउत्तरपत्र नपरेसम्मको लागि वा मुद्दाको किनारा नभएसम्मको लागि वादीको दाबी पुग्न सक्ने जस्तो देखिएमा दाबी पुग्नेसम्मको सम्पत्ति रोक्का गर्न वा अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

तर बालीको हकमा जग्गा मिच्नेको महलको १० नं. को रीत पुऱ्याई रोक्का गर्नु पर्छ ।"

(झ) १७१क. नम्बरपछि देहायको १७१ख. नम्बर थपिएको छ :-

"१७१ख. नं. ॥ ॥ यसै महलको १७१क. नं. बमोजिम जारी भएको आदेश कायम राख्नु पर्ने होइन भनी निवेदन पर्न आएमा त्यस्तो निवेदन उपर विचार गरी त्यस्तो आदेश कायम राख्नु नपर्ने भए अड्डाले अघि जारी गरेको आदेश खारेज गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) १८३ नम्बरको दफा २ मा रहेका "इन्साफ सदर हुँदा लाग्ने सजायको सयकडा दश" भन्ने शब्दहरुको सट्टा "दुई सय रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(ट) १९० नम्बरमा रहेका "अंश रोक्का भएको छ वर्ष पुगेपछि" भन्ने शब्दहरुको सट्टा "अंश रोक्का भएको दुई वर्ष पुगेपछि" भन्ने शब्दहरु राखिएका छन् ।

(ठ) २१४ नम्बरमा रहेका "रिहाई पाउने ठहरिएका अभियुक्तलाई पुर्पक्षको निमित्त थुनामा राखिएको भए साधकको अन्तिम निकासा नभएसम्म सोही बमोजिम र" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) दण्ड सजायको महलको,-

(क) १२ नम्बरको सट्टा देहायको १२ नम्बर राखिएको छ :-

"१२ नं. ॥ ॥ यो ऐनको विभिन्न महल वा प्रचलित कानूनमा लेखिएको कुनै काम कुरा कसूर हुनेमा सो कसूरका निमित्त सम्बन्धित महल वा प्रचलित कानूनमा सजायको कुनै खास व्यवस्था गरिएको रहेनछ भने त्यस्तो कसूरको प्रकृति र अवस्थाका विचारले पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।"

(ख) १८ नम्बरमा रहेका "अड्डालाई विश्वास भएमा" भन्ने शब्दहरुपछि "सजाय गर्नु नपर्ने वा कम गर्नु पर्ने कारण खोली" भन्ने शब्दहरु थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) ४३ नम्बरको,-

(१) दफा ३ मा रहेका "स्थानीय भलादमी समेत पाँचजना राखी" भन्ने शब्दहरुको सट्टा "उपलब्ध भएसम्मका वादी, प्रतिवादी वा निजको प्रतिनिधि, स्थानीय निकायको प्रतिनिधि तथा स्थानीय भलादमी समेत साक्षी राखी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ५ पछि देहायको दफा ६ थपिएको छ :-

"घर जग्गा सम्बन्धी आंशिक दावी भएको मुद्दामा त्यस्तो घर जग्गाको दिशा र तर्फ खुलाइएको रहेनछ भने त्यस्तो दावीका सम्बन्धमा पक्षलाई रोहवरमा राखी नरम गरम मिलाई अड्डाले छुट्याई दिन सक्नेछ ......६"

(घ) ४६ नम्बरको दफा १७ पछि देहायको दफा १८ थपिएको छ :-

"वादीले अंश पाउने ठहरी अन्तिम फैसला भएको मुद्दामा अन्य प्रतिवादी अंशियारहरुले पनि आफ्नो अंश छुट्याई लिन दर्खास्त दिएमा कानून बमोजिम लाग्ने कोर्ट फी लिई फैसलाबाट ठहरे बमोजिमको सम्पत्तिबाट अंश छुट्याई दिलाई दिनु पर्छ ......................१८"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) ५३क. नम्बरपछि देहायको ५३ख. नम्बर थपिएको छ :-

"५३ख. नं. ॥ ॥ फैसला बमोजिम कैदको लगत कसिएको व्यक्तिलाई पक्राउ गरी दाखिल गर्न ल्याउँदा लाग्ने सवारी खर्च तथा प्रचलित कानून बमोजिमको सिधा खर्च समेत निजलाई दिनु पर्नेछ ।"

(३) किर्ते कागजको महलको १८ नम्बरमा रहेका "सो काम भए गरेको मितिले दुई वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "सो काम भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(४) मुलुकी ऐन किर्ते कागजको महलको १८ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई यो ऐन प्रारम्भ हुँदाका बखत कुनै अदालतमा विचाराधीन रहेका मुद्दा सोही नम्बर बमोजिम कायम भएको हद म्यादभित्र दर्ता भएको मानिनेछ ।

(५) चोरीको महलको,-

(क) १० नम्बरको दफा २ मा रहेका "तीन वर्ष पुगेपछि" भन्ने शब्दहरुको सट्टा "एक वर्ष पुगेपछि" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) २१ नम्बरमा रहेका "चोरीको दरखास्तमा लेखिएको मालसंग मिल्न आयो भने दिनु पर्छ ।" भन्ने शब्दहरुपछि "त्यसरी माल दिंदा दसौंद लाग्ने छैन ।" भन्ने शब्दहरु थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. राजस्व न्यायाधिकरण ऐन, २०३१ मा संशोधन : राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्न ।"

४. न्याय प्रशासन ऐन, २०४८ मा संशोधन : न्याय प्रशासन ऐन, २०४८ को,-

(१) दफा ३ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) मा रहेका "तोक्न सकिबक्सनेछ ।" भन्ने शब्दहरुपछि "मन्त्रिपरिषद्ले यसरी श्री ५ मा परामर्श चढाउनु अघि न्याय परिषद्को परामर्श लिनु पर्नेछ ।" भन्ने शब्दहरु थपिएका छन् ।

(२) दफा ५ को उपदफा (१) मा रहेका "अदालतहरु रहनेछन् ।" भन्ने शब्दहरुपछि "मन्त्रिपरिषद्ले यसरी श्री ५ मा परामर्श चढाउनु अघि न्याय परिषद्को परामर्श लिनु पर्नेछ ।" भन्ने शब्दहरु थपिएका छन् ।

(३) दफा ६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) प्रत्येक पुनरावेदन अदालतमा एकजना मुख्य न्यायाधीश र आवश्यक संख्यामा अन्य न्यायाधीश रहनेछन् ।"

(४) दफा ९ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दफा १२ को उपदफा (१) को खण्ड (क) मा रहेका "संविधान वा कानूनको व्याख्यामा गम्भीर त्रुटी" भन्ने शब्दहरुको सट्टा "गम्भीर कानूनी त्रुटी" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा १३ पछि देहायको दफा १३क. थपिएको छ :-

"१३क. मिलापत्र गर्न सक्ने : दफा १२ बमोजिमको निवेदन परी कारबाही चलेको निवेदनमा दुवै पक्षले मिलापत्र गर्न चाहेमा मिलापत्र गराई दिन सकिनेछ ।"

(७) दफा २० को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

"(६) निरीक्षणको काम सकिएपछि निरीक्षण गर्ने न्यायाधीशले अदालतको निरीक्षण गरेकोमा आफ्नो अदालत, सर्वोच्च अदालत र न्याय परिषद् सचिवालयमा र अन्य कार्यालयको निरीक्षण गरेकोमा आफ्नो अदालत, सर्वोच्च अदालत र सम्बन्धित मन्त्रालयमा आधार र कारण सहितको निरीक्षण तथा मूल्याङ्कन प्रतिवेदन पठाउनु पर्नेछ। यसरी प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित निकायले सो सम्बन्धमा यथाशीघ्र छानबिन गरी प्रतिवेदनमा औंल्याइएका विषयमा कारबाही गर्नु पर्नेछ ।"

५. न्याय परिषद् ऐन, २०४७ मा संशोधन : न्याय परिषद् ऐन, २०४७ को दफा ४क. पछि देहायको दफा ४ख. थपिएको छ :-

"४ख. मुख्य न्यायाधीशले निरीक्षण र मूल्याङ्कन प्रतिवेदन पठाउनु पर्ने : (१) पुनरावेदन अदालतको मुख्य न्यायाधीशले पुनरावेदन अदालत तथा जिल्ला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अदालतका न्यायाधीशहरुको काम कारबाहीको सम्बन्धमा निरीक्षण गरी मूल्याङ्कन प्रतिवेदन तथा मातहत अदालतको न्यायिक गतिविधि समेतको जानकारी न्याय परिषद् सचिवालयमा पठाउनु पर्नेछ। यस्तो प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहाय बमोजिमका कुराहरु उल्लेख हुनु पर्नेछ :-

(क) सम्बन्धित न्यायाधीशलाई खटाइएको स्थानमा रहेको वार्षिक रुजु हाजिरीको विवरण,

(ख) वर्षभरिमा सम्बन्धित अदालतमा रहेको मुद्दाको अनुपातमा न्यायाधीशले गरेको फैसला,

(ग) सम्बन्धित न्यायाधीशले गरेको फैसला माथिल्लो अदालतबाट उल्टी भएकोमा सोको विवरण,

(घ) अदालत व्यवस्थापन तथा सञ्चालन सम्बन्धी अन्य काम कारबाहीहरु।

(२) परिषद्ले उपदफा (१) बमोजिम मुख्य न्यायाधीशको प्रतिवेदन समेतलाई न्यायाधीशको मूल्याङ्कन र कारबाहीको आधार बनाउनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० मा संशोधन :** नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा १७ को उपदफा (२) मा रहेका "यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "यो ऐन प्रारम्भ भएको मितिले नौ वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

लालमोहर सदर मिति :- २०५९।५।२७।५

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।